# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
## सानोठिमी, भक्तपुरको

# डिप्लोमा/प्रमाणपत्र तह, प्राविधिक एसएलसी र छोटो अवधिका तालीम कार्यक्रमहरु अनलाईन मार्फत नविकरण गर्ने सम्बन्धी सूचना

**प्रकाशित मिति २०७७।०३।२८**

यस परिषद्बाट निजी क्षेत्रमा सम्वन्धन/स्वीकृति लिई चालु शैक्षिक सत्र ०७६/७७ मा डिप्लोमा तथा प्रमाणपत्र तह, प्राविधिक एस.एल.सी. तहका कार्यक्रम सञ्चालन गरी प्राविधिक महाशाखामा स्वःमुल्याङ्कन फाराम अनलाईन मार्फत पेश गरेका शिक्षण संस्थाहरू र छोटो अवधिका तालीम प्रदायक संस्थाहरुको आगामी आ.व २०७७/०७८ का लागि अनलाईन मार्फत कार्यक्रम नविकरण गर्न तपशिलमा उल्लेखित शर्तहरू पुरा गरी **२०७७।०४।११ गते सम्म नियमित शुल्क र २०७७।०४।१८ गते भित्र दोव्वर शुल्क सहित नविकरणको लागि अनलाईन मार्फत निवदेन दिनुहुन** सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नविकरण गर्दा अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजातहरुः-**

क) शैक्षिक सत्र २०७६/०७७ मा नबिकरण गरिएको कार्डको प्रतिलिपी ।
ख) आ.व. २०७५/०७६ सम्मको करचुक्ताको प्रमाणपत्रको प्रतिलिपी ।
ग) संस्था दर्ता भएको कार्यालयबाट आर्थिक वर्ष २०७६/०७७ को सस्था नविकरण/अध्यावधिक गरेको पत्रको प्रतिलिपी
घ) संस्थाको ठाउंसारी, नामसारी, कार्यक्रम समायोजन तथा स्वामित्व हस्तान्तरण भएको भए सो पत्रको प्रतिलिपी ।
ङ) प्रयोगात्मक अभ्यासको लागि अस्पताल प्रयोग गर्नुपर्ने कार्यक्रमको हकमा नविकरण भएको अस्पतालको बेड संख्या खुल्ने विवरण सहितको स्वीकृति/सम्झौता पत्रको प्रतिलिपी ।
च) सूचना तथा अनुसन्धान महाशाखाको तालीम व्यवस्थापन सूचना प्रणाली (TMIS) को लागि आवश्यक तथ्यांकहरू भरेको फाराम ।
छ) सम्बन्धित संस्थाको नाम स्पष्ट हुने गरी तपसिलमा उल्लेखित नविकरण वापतको शुल्क परिषद् कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, सानोठिमी, भक्तपुरको खाता च.हि.न १७३००००००९०६ मा जम्मा गरिएको बैक भौचरको सक्कल प्रति ।

| कार्यक्रम | प्रति कार्यक्रम नविकरण शुल्क | TMIS शुल्क |
|---|---|---|
| प्रमाणपत्र/डिप्लोमा तहको लागि | रु. ३०,०००।- थप रु. १०,०००।- प्रति कार्यक्रम | २,०००।- |
| प्राविधिक एस.एल.सी.को लागि | रु. १०,०००।- र थप रु. ५,०००।- प्रति कार्यक्रम | |
| छोटो अवधिको तालीम कार्यक्रमको लागि | रु. १,०००।- प्रति कार्यक्रम | |

- माथि उल्लेखित सम्पूर्ण कागजातहरुमा सम्बन्धित संस्थाको छाप सहित प्रमाणित गरिएको स्क्यान कपी परिषद्को तल उल्लेखित वेब साईटमा रहेको लिङ्कमा अपलोड गर्नुपर्ने छ ।
- अनलाईन स्वःमुल्याङ्कन फाराम पेश नगरेका शिक्षण संस्थाहरुले स्वःमुल्याङ्कन फाराम सहित नविकरणको लागि अनलाईन मार्फत निवदेन दिनु पर्नेछ । तोकिएको समयावधिमा समेत नविकरण नगर्ने सस्थालाई कार्यक्रम संचालन गर्न अनुमति दिइने छैन ।
- छोटो अवधिको तालीम कार्यक्रमको हकमा २०७५ सालभित्र सम्वन्धन स्वीकृति लिएका वा आ.व २०७६/०७७ सम्म नियमित नविकरण भएका संस्थाहरुले अनलाईन मार्फत कार्यक्रम नविकरण गर्नुपर्ने छ । अन्यको हकमा सम्बन्धन स्वीकृति लिई हालसम्म नविकरण नै नगरेका वा नियमित नभएका पुराना संस्थाहरुले आवश्यक कागजात सहित परिषद् कार्यालयमा निवेदन पेश गर्नुपर्ने छ ।
- अपलोड गरिएको कागजातहरु स्पष्ट नबुझिने वा केरमेट भएको पाईएमा त्यस्ता संस्थाको कार्यक्रम नविकरण गरिने छैन ।
- प्राप्त आवेदनमा समावेश गरिएका कागजातहरू रुजु गरी योग्य भएका सस्थाहरुको विवरण मात्र परीक्षा नियन्त्रण कार्यालयमा सिफारिस गरि पठाईने छ ।
- स्वास्थ्य तर्फका कार्यक्रम संचालन गरिरहेका संस्थाहरुमा चालु शैक्षिक कार्यक्रमहरु सम्पन्न गर्न परिषद्बाट नविकरण गर्नुपर्ने छ । नयाँ बिद्यार्थी भर्ना सम्बन्धी व्यवस्था राष्ट्रिय चिकित्सा शिक्षा आयोगको परामर्शमा पछि निर्णय भए बमोजिम हुनेछ ।
- शिक्षण संस्थाले संचालन गर्ने कार्यक्रमको लागि तोकेको मापदण्ड अनुसारको न्यूनतम पुर्वाधारहरु ठिक छ भनि स्वःमुल्याङ्कन गरी पठाईएको बिवरण फरक परेमा त्यसको जिम्मेवार सम्बन्धित संस्था नै हुनेछ ।
- संस्थाको नविकरण तथा बिद्यार्थी भर्ना सम्बन्धी अन्तिम निर्णय परिषद् कार्यालयमा निहित रहने छ ।
- थप जानकारीको लागि परिषद् कार्यालयको वेब साइट www.ctevt.org.np मा हेर्नुहुन, प्रदेश कार्यालयमा सम्पर्क राख्न वा महाशाखाको इमेल ठेगाना renew.info2020@gmail.com मा पत्राचार गर्नुहुन सूचित गरिन्छ ।

**स्तर निर्धारण तथा सम्बन्धन महाशाखा**
**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**फोन नं. ०१-६६३०४०८**